# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८२/०८३
च.नं. : 2020

मितिः २०८२/०६/०२

श्री वडा अध्यक्षज्यूहरु, वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषयः उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ५४औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) तपशिल बमोजिम रहेको व्यहोरा समेत अनुरोध छ ।

**तपशिलः**

मितिः २०८२ असोज ५ गते (आइतबार)
समयः दिनको २:०० बजे
स्थानः पोखरा महानगरपालिका-९, दमकल रहेको स्थान ।

**एजेण्डा(कार्यसूची)**

१. कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।
२. क्षतिको विवरण र मूल्याङ्कन सम्बन्धमा ।
३. विविध

मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्रीमान् प्रमुखज्यू, पोखरा महानगरपालिका ।
श्रीमान् उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

<u>कार्यसूची (एजेण्डा)</u>

१. ५४ औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा।
२. बाणिज्य बैंकको भवन वहाल सम्झौता गर्ने सम्बन्धमा।
३. साविक प्रशासकीय भवन रहेको स्थानमा बहुतले व्यवसायिक भवन निर्माण सम्बन्धमा।
४. अस्पतालहरुमा निःशुल्क उपचार सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।
५. अर्थ मन्त्रालयको परिपत्र सम्बन्धमा।
६. महानगरबाट २०८२/०५/२४ पश्चात् भइरहेका कामकारवाही र सेवा प्रवाहका सम्बन्धमा।
७. बजेट पुनरावलोकन सम्बन्धमा।
८. मालपोत कार्यालयको सेवा सुचारु गर्न ट्रस्टमा अस्थायी पार्टेसन निर्माण सम्बन्धमा।
९. Data Management, व्यवस्थित गर्ने र Document Digitization गर्ने सम्बन्धमा।
१०. मसिना पर्यटन सहकारी संस्था लिमिटेडबाट मसिना साना जलविद्युत आयोजना सञ्चालन अनुमतिको म्याद थप सम्बन्धमा।
११. फेवातालको मापदण्ड कायम गर्दाको स्तम्भ गाड्ने कार्यमा संलग्न नगरप्रहरीलाई भत्ता उपलब्ध गराउने सम्बन्धमा।
१२. अवण्डा रकम बाँडफाँड गर्ने अधिकार प्रत्यायोजन सम्बन्धमा।
१३. नगर विकास कोषमा कोषको मापदण्ड बमोजिम ५०% अनुदान, ४०% ऋण र १०% आन्तरिक रकम खर्च गर्ने सम्बन्धमा।
१४. जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट सडक संकेत तथा रोड फर्निचर उपलब्ध सम्बन्धमा भएको अनुरोध सम्बन्धमा।
१५. वडा नं ३१ अन्तर्गत रायो पुल कल्भर्ट निर्माण योजनाको रकम भुक्तानीका लागि रकमान्तर सम्बन्धमा।
१६. राजश्व महाशाखा अन्तर्गत अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाना/खाजा भत्ता सम्बन्धमा।
१७. राजश्व छुट अवधि सम्बन्धमा।
१८. विविध।

(क) ई. श्री नरेन्द्र बस्यालको असाधारण विदा स्वीकृत सम्बन्धमा।

(ख) अ.न.मि. चौथो श्री शोभा रानाभाटको स्वेच्छिक राजीनामा स्वीकृत सम्बन्धमा।

मिति -२०८२/०६/०५
बैठक संख्या-५४

स्थान - दमकल (बारुण यत्रन्त्र) शाखा, शान्तिवन
समय- दिनको २-०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | प्रेम प्रसाद |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | सन्तोष बास्तोला |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | Kiran |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं.-२५ | श्री मोतिलाल तिम्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखरेल | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| | | | | |

**पोखरा महानगरपालिका**

न्युरोड, पोखरा

**<u>५४औँ कार्यपालिका बैठक (मिति २०८२/०६/०५) का निर्णयहरु:</u>**

**निर्णय नं १**

५३औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो।

**निर्णय नं २**

'घ' वर्गको निर्माण व्यवसायका लागि नयाँ ईजाजत पत्रको माग गरी पेश भएका निवेदनहरुका सम्बन्धमा छानविन एवं जाचबुझ गरी दर्ताका लागि सिफारिश गर्न गठित समितिबाट सिफारिश भई आएका तपसिल बमोजिमका फर्म/कम्पनीहरुलाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची ५ बमोजिमका कागजातहरुका आधारमा 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र जारी गर्ने निर्णय गरियो:

क. एस.आर.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., पोखरा-१९

ख. एस.वि.के. कन्स्ट्रक्सन प्रा.लि., पोखरा-०६

**निर्णय नं ३**

Gen z को मिति २०८२/०५/२४ गतेको आन्दोलनको क्रममा पोखरा महानगरपालिका अन्तर्गतका क्षतिग्रस्त वडाहरुबाट मुचुल्का सहितको क्षतिको विवरण प्राप्त हुन बाँकी भएमा बाँकी वडाहरुलाई क्षतिको विवरण यथाशिघ्र पठाउन निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ४**

Gen z को मिति २०८२/०५/२४ गतेको आन्दोलनको क्रममा पोखरा महानगरपालिका र अन्तर्गतका वडाहरुमा पुगेको सम्पूर्ण क्षतिको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नका लागि प्राविधिक कर्मचारीको संयोजकत्वमा एक क्षति मूल्याङ्कन समिति गठन गर्ने र सो समितिले प्रदेश सरकारबाट गठन भएको क्षति मूल्याङ्कन समिति समेतको सहयोग लिई क्षतिको मूल्याङ्कन गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ५**

Gen z को मिति २०८२/०५/२४ गतेको आन्दोलनको क्रममा पोखरा महानगरपालिका र अन्तर्गतका अधिकांश वडाहरु तोडफोड र आगजनीबाट पूर्ण रुपमा क्षति, केही वडाहरुमा आंशिक क्षति पुगेको छ। आन्दोलनको क्रममा महानगर, वडा र वरपर जडान भएका सि.सि.टि.भी फूटेजहरुको संकलन, अध्ययन विश्लेषण गरी तोडफोड र आगजनीमा संलग्न व्यक्तिको पहिचान गरी कारवाहीका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिने निर्णय गरियो।

**निर्णय नं ६**

पोखरा महानगरपालिका वा अन्तर्गतका वडाहरुमा आर्थिक बर्ष २०८१/८२ मा सम्पन्न भएका कार्यक्रम तथा योजनाहरुको भुक्तानी दिन बाँकी रहेको भनी सम्बन्धित महाशाखा तथा वडा कार्यालयबाट सिफारिस भई आएको रकम आर्थिक बर्ष २०८२/०८३ को बार्षिक विकास कार्यक्रमको भुक्तानी बाँकी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो। साथै आ.व. २०८१/८२ मा खरिद भएका फर्निचर, इलेक्ट्रोनिक उपकरण तथा मर्मतको खर्च रकम PAMS प्रणालीमा प्रविष्ट भएको विवरणको आधारमा भुक्तानी गर्ने निर्णय समेत गरियो।

**निर्णय नं ७**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११३ र नियमावली, २०८० को नियम ११२ बमोजिम पोखरा महानगरपालिकामा कार्यरत तपशिल बमोजिमको कर्मचारीबाट माग भएका निम्न बमोजिमका असाधारण विदा अनुमति स्वीकृत गर्ने निर्णय गरियोः

| क्र.स | नामथर | पद/तह | विदाको किसिम | विदाको अवधि |
|---|---|---|---|---|
| १ | श्री कुमारी देवी गौतम | कार्यालय सहयोगी | असाधारण विदा | २०८२/०५/२४ देखि २ महिना |

**निर्णय नं ८**

पोखरा महानगरपालिकाको प्रशासकीय भवन Gen Z आन्दोलनका क्रममा प्रशासकीय भवन तोडफोड र आगजनीबाट पूर्णरुपमा क्षतिग्रस्त भएकोले सो भवनबाट सेवा प्रवाह गर्न नसक्ने अवस्था सृजना भएको छ। महानगरपालिकाको मिति २०८१/०९/२२ को ३९ औं (पहिलो) नगर कार्यपालिकाको बैठकबाट पोखरा महानगारपालिका वडा नं ९ स्थित राष्ट्रिय वाणिज्य बैंकको स्वामित्वमा रहेको भवनको २ वटा तला वहालमा लिई सेवा प्रवाह गर्ने सम्बन्धमा गठन भएको समितिबाट बहालमा लिन उपयुक्त हुने सुझाव प्राप्त भएको हुँदा महानगरपालिकाले तोकेको दररेट, चलन चल्तीको दररेट तथा अन्य प्रचलित दररेट समेतको अध्ययन विश्लेषण गरी उपयुक्त बहाल रकम सिफारिस गर्न प्राविधिकको संयोजकत्वमा एक समिति गठन गर्ने र राष्ट्रिय वाणिज्य बैंकसँग बहाल सम्झौता गर्ने प्रकृया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ९**

पोखरा महानगरपालिका वडा नं ३३ मा कार्य सम्पन्न भई आ.व. २०८१/०८२मा भुक्तानी हुन नसकेको र भुक्तानी बाँकीमा समावेश गर्न छुट भएको सो वडाको वरपौवा सडक स्तरोन्नति योजनाको रु २९,९९,०००।- र शान्ति उदय मा.वि.को शौचालय तथा ट्रस निर्माण योजनाको रु ४,४६,०००।- गरी जम्मा रु ३४,४५,०००।- (अक्षरुपी चौतिस लाख पैतालिस हजार रुपैँया मात्र) भुक्तानी व्यवस्था हुन सो वडाबाट भएको अनुरोध बमोजिम आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रमको बजेट उप शिर्षक ८०४३९२०१७०१ अर्थ विविध भैपरी आउने पूँजीगत शिर्षकबाट रु ३४,४५,०००।- वडा नं. ३३ को कार्यालयको बजेट उ.शि.नं ८०४३९२०१२३३ को खर्च शिर्षक नं. ३११५९ मा रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो।